# CCS ELEVATE

## LINDEN-McKINLEY *GRADE BAND STANDARDIZATION*




नवेम्बर २०२३ मा कलम्बस सिटी स्कूल्सले आफ्ना सुविधाहरूको स्तरवृद्धि गर्ने र उनि हरूको पदचिह्न कम गर्ने वाचा गर्दै १०० मिलियन डलर ($ १०० मिलियन) लेवी पारित गर्न कलम्बसका मतदाताहरूको अत्याधिक समर्थनकालागि धन्यवाद। यस लेवी सङ्कलनको लक्ष्य भनेको सबै विद्यार्थीहरूकालागि उच्च गुणस्तरको शिक्षा प्रदान गर्ने जिल्लाको मिशनलाई समर्थन गर्नु हो। बोर्ड नीति ७१०५ अनुसार, सुपरिटेन्डेन्टले फेब्रुअरी  २०२४ को शुरुमा डिस्ट्रक्टका सुविधाहरूको पुनर्संरचनाको मूल्याङ्कन गर्न सामुदायिक सुविधा कार्यदल गठन गर्यो। सो कार्यदल विविध पृष्ठभूमि र अनुभव भएका व्यक्तिहरूको बन्छ।

यस कार्यदलले मंगलबार, मेई ७ तारिकका दिन शिक्षा बोर्डलाई प्रारम्भिक सिफारिसहरू प्रस्तुत गर्‍यो। यी सिफारिसहरू भवनहरूमा ग्रेड ब्यान्डको मानकीकरण, शैक्षिक र अतिरिक्त क्रियाकलापहरूमा पहुँच बढाउन, परिवार र विद्यार्थीहरूलाई समान सेवाहरू प्रदान गर्न र पहिले करदाताहरूको लगानीलाई सम्मान गर्न केन्द्रित थिए। यसको लक्ष्य भनेको प्रारम्भिक सिफारिसहरूमा समुदायको दृष्टिकोणलाई अझ राम्रोसँग बुझ्नु र खुला सम्वादको माध्यमबाट सहयोग बढाउनु हो। यसले डिस्ट्रिक्टको मिशनसँग सुविधाहरूको मास्टर प्लानलाई पङ्क्तिबद्ध गर्न र कलम्बस सिटी स्कूल्सको बुझाइ बढाउन मद्दत गर्नेछ।

सुपरिटेन्डेन्टको सामुदायिक सुविधा टास्क फोर्सले शिक्षा बोर्डले छैठौं कक्षाका विद्यार्थीहरूलाई लिन्डेन-मेकिन्ले (Linden-McKinley) फिडर ढाँचाबाट लिन्डेन-मेकिन्ले स्कूल (Linden-McKinley) मा एकिकृत गर्न, एउटै क्याम्पसमा एउटा माध्यमिक विद्यालय र अर्को उच्च विद्यालयसहितको कक्षा ६ देखि १२ सम्म कक्षा पढाई हुने स्थान (साइट) श्रृजना गर्न सिफारिस गर्छ।

**लिन्डेन-मेकिन्ले स्टेम एकेडेमी (Linden-McKinley STEM Academy) (१९२८**) स्कूलको ८८६ जना विद्यार्थीहरूलाई सेवा दिन सक्छ**;** यद्यपि**,** २०२३-२०२४ स्कूल वर्षमा मात्र ७०४ विद्यार्थीहरू भर्ना भएका छन् जसको वर्तमान उपयोग दर ८०% हुन आउँछ।

लिन्डेन-मेकिन्ले (Linden-McKinley Academy) विद्यालय उपस्थिति सीमामा फिडर ढाँचाहरू पुन: मिलाउन र ह्यामिल्टन स्टेम (Hamilton STEM, लिन्डेन स्टेम (Linden STEM), South Mifflin STEM (साउत मिफ्लिन स्टेम), र Windsor STEM (विन्ड्सोर स्टेम) का छैठौं कक्षाका विद्यार्थीहरूलाई लिन्डेन-मेकिन्ले स्टेम (Linden-McKinley STEM Academy) कक्षा ६देखि १२ सम्ममा स्वागतले माध्यमिक विद्यालयका विद्यार्थीहरूकालागि ग्रेड ब्यान्डहरूलाई मानकीकरण गर्नेछ। कक्षा ६देखि ८ सम्म )। छैठौं कक्षाका विद्यार्थीहरूलाई परम्परागत माध्यमिक विद्यालयको अनुभव र अतिरिक्त शिक्षण समय प्रदान गरिन्छ।

लिन्डेन-मेकिन्ले (Linden-McKinley Academy) मा छैठौं-कक्षाका विद्यार्थीहरूलाई स्वागत गर्दा बलियो प्रस्तावहरू, एक थिएटर र एथलेटिक सुविधाहरू प्रदान गर्ने अवसरको साथ ठूलो भवन प्रदान गर्नेछ। यसले माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई संगीत, भाषण र बहस, प्रदर्शन कला र एथलेटिक्स जस्ता अतिरिक्त क्रियाकलापहरू प्रदान गर्नेछ।

The Columbus City School District does not discriminate based upon sex, race, color, national origin, religion, age, disability, sexual orientation, gender identity/expression, ancestry, familial status or military status with regard to admission, access, treatment or employment. This policy is applicable in all district programs and activities.

COLUMBUS CITY SCHOOLS